# स्थानीय राजपत्र


पञ्चपुरी नगरपालिकाको कार्यपालिकाद्वारा प्रकाशित

खण्डः-८ संख्याः-२ मितिः२०८१/०३/२८


## भाग-१

पञ्चपुरी नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको

सूचना

नेपालको संविधान वमोजिम पञ्चपुरी नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८१ सालको ऐन नं .०२

# पञ्चपुरी नगरपालिकाको विनियोजन ऐन

पञ्चपुरी नगरपालिका, सुर्खेत को आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन
सभाबाट स्वीकृत मिति : २०८१/०५/१७

__प्रस्तावना :__ पञ्चपुरी नगरपालिका, सुर्खेत २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम पञ्चपुरी नगरपालिका, सुर्खेतको नगर सभाले यो ऐन बनाएको छ।

१. __संक्षिप्त नाम र प्रारम्भ :__ (१) यस ऐनको नाम “पञ्चपुरी नगरपालिका, सुर्खेतको विनियोजन ऐन, ” रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. __आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :__ (१)आर्थिक वर्ष २०८१/८२को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६३,४२,१९,४९२.०० (अक्षेरुपी रुपैयाँ त्रिसठ्ठी करोड बयालिस लाख उन्नाइस हजार चार सय बयान्नब्बे मात्र | ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३ . __विनियोजन :__ (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२को निमित्त पञ्चपुरी नगरपालिका, सुर्खेतको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

**पञ्चपुरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सुर्खेत**
**कार्यालयको कोड : ८०६६८४०२३००**

पत्र संख्या : २०८१/०८२ **अत्यन्त जरुरी** मिति : २०८१/०३/३२
च. नं. : **गोप्य**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
पञ्चपुरी नगरपालिका, सुर्खेत,
कर्णाली प्रदेश, सुर्खेत ||

**विषय : आर्थिक वर्ष २०८१/८२ को खर्च गर्ने अख्तियारी |**

आर्थिक बर्ष २०८१/८२ को विनियोजन ऐन २०८१ अनुसार तपशिल बमोजिम ब.उ.शी.नं. तर्फ रू. ६३,४२,१९,४९२/- (अक्षरेपीः त्रिसठ्ठी करोड वयालिस लाख उन्नाइस हजार चार सय वयानव्वे रुपैंया मात्र) र सो मा थपघट हुने रकम समेत प्रचलित कानून अनुसार निकासा लिई खर्च गर्न गराउन र त्यस्तो खर्चको लेखा राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी प्रदेश आर्थिक कार्यविधि ऐन , सो अन्तर्गत बनेको नियम तथा निर्देशिकाहरूमा व्यवस्थित प्रावधान बमोजिम यहाँलाई अख्तियारी प्रदान गरेको छु । बजेट तथा कार्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा गर्ने सम्बन्धमा जारी भएका तथा हुने निर्देशनका व्यहोराहरूलाई विषेश ध्यान दिई संलग्न बाँडफाँड बमोजिम खर्च गर्नु हुन ।

तपशिल

| क्र.सं. | बजेट उपशीर्षक | चालु | पुंजीगत | जम्मा |
|---|---|---|---|---|
| १ | ८०६६८४०२१०१ पञ्चपुरी नगरपालिका | १८,७५,०६,३७२.०० | १०,७८,७६,१२०.०० | २९,५३,८२,४९२.०० |
| २ | ८०६६८४०२५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | २५,४५,५०,०००.०० | १,३८,७५,०००.०० | २६,८४,२५,०००.०० |
| ३ | ८०६६८४०२५१३ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | ०.०० | १,५०,००,०००.०० | १,५०,००,०००.०० |
| ४ | ८०६६८४०२५२१ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | २४,६२,०००.०० | ५,२९,५०,०००.०० | ५,५४,१२,०००.०० |
| | जम्मा | ४४,४५,१८,३७२.०० | १८,९७,०१,१२०.०० | ६३,४२,१९,४९२.०० |

कुल जम्मा रकम रु : ६३,४२,१९,४९२.०० अक्षरेपी : रुपैयाँ त्रिसठ्ठी करोड बयालिस लाख उन्नाइस हजार चार सय बयान्नब्बे मात्र |

लालविर भण्डारी
नगर प्रमुख

बोधार्थ :
श्री महालेखा परीक्षकको कार्यालय, काठमाडौँ
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौँ
श्री महालेखा नियन्त्रक कार्यालय, काठमाडौँ
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुर्खेत